☆ ☆ ☆

News Release

American Center, Embassy of the United States
Yak & Yeti Complex (West Wing), Kathmandu. Tel: 444-5577

२०६३ चैत १८

यूएसएड उच्च अधिकारीहरु नेपाल भ्रमणमा

यूएसएड (USAID) का दुई उच्च अधिकारीहरु – माइकल एडवर्ड हेस र रबर्ट जेन्किन्स् – ६ दिने काठमाडौं भ्रमणका क्रममा आज यहाँ आइपुग्नुभयो । हेस यूएसएडको लोकतन्त्र, द्वन्द्व, तथा मानवीय सहयोगसम्बन्धी व्यूरोको सहायक प्रशासक हुनुहुन्छ र जेन्किन्स् यूएसएडको अफिस अफ ट्रान्जिसन इनिसिएटिभ्स (ओटिआई) को निमित्त निर्देशक हुनुहुन्छ ।

वहाँहरुले यहाँको शान्ति प्रक्रियामा अमेरिकाले गर्न सक्ने थप सहयोगको सम्भावनाको लेखाजोखा गर्नुहुनेछ । साथै, यूएसएडका कार्यक्रमहरुले नेपालको राजनैतिक परिवर्तन, खाद्य सुरक्षा तथा प्रकोप व्यवस्थापनको तयारीका क्षेत्रमा केकस्तो सहयोग गरिरहेका छन् भन्ने कुराको मूल्यांकन गर्नुहुनेछ । वहाँहरुले यहाँका राजनैतिक नेताहरु, नागरिक समाजका प्रतिनिधिहरु तथा काठमाडौं र सूदुर पश्चिमी जिल्लाहरुमा यूएसएड कार्यक्रमहरुबाट लाभान्वित समुदायसँग भेट गर्नुहुनेछ ।

संक्षिप्त जीवनी :

माइकल एडवर्ड हेस (माइक हेस) :

माइकल एडवर्ड हेस यूएसएडको लोकतन्त्र, द्वन्द्व, तथा मानवीय सहयोगसम्बन्धी व्यूरोको सहायक प्रशासक हुनुहुन्छ । योभन्दा अगाडि वहाँ सिटिव्यांक (Citibank) मा वरिष्ठ जोखिम समीक्षक तथा उपाध्यक्षको रुपमा कार्यरत हुनुहुन्थ्यो । हेसले ३० वर्षभन्दा बढी अमेरिकी सेनामा सक्रिय वा जगेडा कर्मचारीको रुपमा सेवा गर्नुभएको छ । वहाँले टर्की, इराक, बोस्निया र कोसोभोमा मानवीय सहयोग कार्यक्रममा काम गर्नुभएको छ । हेसले वेस्ट प्वाइन्टस्थित अमेरिकी सैनिक प्रतिष्ठान, कोलम्बिया विश्वविद्यालय र न्यूयोर्क विश्वविद्यालयमा अध्ययन गर्नुभएको छ । वहाँ कार्लिस्लेस्थित अमेरिकी आर्मी वार कलेजको राष्ट्रिय रणनैतिक अध्ययन कार्यक्रममा पनि सहभागी हुनुभएको थियो ।

रबर्ट जेन्किन्स् :

रबर्ट जेन्किन्स् यूएसएडको अफिस अफ ट्रान्जिसन इनिसिएटिभ्स (ओटिआई) को निमित्त निर्देशक हुनुहुन्छ । योभन्दा अगाडि वहाँ ओटिआईको कार्यक्रम संयोजक तथा इराक टिम लिडरको रुपमा कार्यरत हुनुहुन्थ्यो । वहाँले इराक, म्यासेडोनिया, सर्विया एण्ड मोन्टेनेग्रो, कोसोभो, सियरा लियोन, लाइबेरिया र नाइजेरियाका लागि ओटिआईका कार्यक्रमहरुलाई वाशिङ्गटनबाट सहयोग पुऱ्याउनुभएको छ । यूएसएड प्रवेशभन्दा अगाडि वर्ल्ड भिजन इन्टरनेशनलमा कार्यरत रहँदा जेन्किन्स्ले दक्षिणी सुडान र सियरा लियोनका लागि आपतकालिन राहत र पुनर्लाभ कार्यक्रमहरुको प्रारुप निर्माण र कार्यान्वयनमा सक्रिय हुनुहुन्थ्यो । वहाँले बाउडोइन कलेज (Bowdoin College) बाट इतिहास र सरकार विषयमा स्नातकसम्मको अध्ययन गर्नुभएको छ ।

USAID | नेपाल
अमेरिकी जनताबाट

अमेरिकी सरकारले अन्य देशका जनताहरुको जीवनस्तर सुधार्नका लागि अमेरिकी जनताबाट प्राप्त हुने सहयोगलाई यूएसएडका माध्यमबाट उपलब्ध गराउने गरेको छ । यस्ता सहयोगहरु प्राकृतिक प्रकोप पीडितलाई उद्धार गर्नेदेखि लिएर स्वतन्त्र र लोकतान्त्रिक राष्ट्र निर्माणसम्मका कार्यहरुमा प्रदान गरिन्छन् । यूएसएड/नेपालले विगत ५५ वर्षदेखि नेपाली जनतालाई द्वन्द्व न्यूनीकरण, शान्ति स्थापना, लोकतन्त्र, सुशासन, स्थास्थ्य, परिवार नियोजन, आर्थिक बृद्धि, प्रकोप व्यवस्थापन तथा अन्य मानवीय क्षेत्रमा सहयोग पुऱ्याउँदै आएकोछ ।